जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३
जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

# साझेदारी
राष्ट्रिय दैनिक

SAJHEDARI NATIONAL DAILY

वर्ष : १२ ☯ अंक : ६३ ☯ २०८३ साल असोज ०१ गते, बिहीवार ☯ Thursday 17, Sept. 2026 ☯ मूल्य रु. ५/- ☯ पृष्ठ : ४

**संविधान दिवस भव्यरुपमा मनाऔं**

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवार ीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जीतपुरसिमरा उपमहानगरपालिकाको तीन वडाका
# एक हजार ६ सय ४९ परिवारको जग्गा स्वामित्व प्रक्रिया अघि बढ्यो


नापी प्रमुखलाई फाइल बुझाउदै उममेयर सहितको टोली । फोटो: साझेदारी

*रञ्जन यादव*
*जीतपुर, ३१ भदौ*

बारा जीतपुरसिमरा उपमहानगरपालिकाले तीन वडामा रहेका १ हजार ६ सय ४९ भूमिहीन तथा अव्यवस्थित बसोबासी परिवारलाई जग्गाको कानुनी स्वामित्व दिलाउने प्रक्रिया अघि बढाएको छ। वर्षौंदेखि जग्गा उपभोग गर्दै आए पनि लालपुर्जा नपाएका परिवारको विवरणसहितको फाइल सम्बन्धित कार्यालयमा बुझाइएपछि स्वामित्व कायम गर्ने प्रक्रिया औपचारिक रूपमा अगाडि बढेको हो।

उपमहानगरपालिकाका वडा नम्बर १, २ र २१ का भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको विवरण र आवश्यक कागजात समेटिएको फाइल मंगलबार कलैयास्थित नापी तथा मालपोत कार्यालयमा बुझाइएको हो।

नगर उपप्रमुख भोला प्रसाद अधिकारीको नेतृत्वमा पुगेको टोलीले नापी तथा मालपोत कार्यालय कलैयाका प्रमुख सुबोध यादवलाई फाइल हस्तान्तरण गरेको थियो। टोलीमा वडा नम्बर २१ का वडाध्यक्ष सुबाश श्रेष्ठ, वडा नम्बर २ का वडा सदस्य विशाल प्रसाद घिमिरे र उद्धव प्रसाद गौतम तथा उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख राम शर्मा पौडेल सहभागी थिए।

उपमहानगरपालिकाका अनुसार स्वीकृत विवरणमा वडा नम्बर १, २ र २१ का २४ परिवार भूमिहीन दलित, २४८ परिवार भूमिहीन सुकुम्बासी र १ हजार ३ सय ७८ परिवार अव्यवस्थित बसोबासी छन्। उनीहरूको विवरण कार्यपालिका बैठकबाट स्वीकृत भएपछि थप प्रक्रिया अघि बढाउन सम्बन्धित निकायमा पठाइएको हो।

लामो समयदेखि एउटै क्षेत्रमा बसोबास गर्दै आए पनि

**बाँकी तेस्रो पृष्ठमा**

*हामीलाई फलो गर्नुहोस्*
sajhedari daily
Sajhedari Daily
sajhedaridaily2
@sajhedaridaily

# भलुहीमा ट्रकको ठक्करले दुई मोटरसाइकलयात्रीको मृत्यु


फाईल तस्वीर

*साझेदारी संवाददाता*
*परवानीपुर, ३१ भदौ*

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२३ भलुहीमा ग्यास बोकेको ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ।

पथलैया-वीरगन्ज सडकखण्डमा मंगलबार राति भएको दुर्घटनामा करैयामाई गाउँपालिका-७ का ३० वर्षीय दिलीप चौधरी र वीरगन्ज महानगरपालिका-१५ नगवाका ३५ वर्षीय रवीन्द्र उपाध्यायको ज्यान गएको हो।

सागर आयल पेट्रोल पम्पनजिक भएको दुर्घटनामा ना३ख ५६१० नम्बरको ग्यास बोकेको ट्रकले ना४३ प ५१२२ नम्बरको

**बाँकी तेस्रो पृष्ठमा**

# भोटेकोसी बाढीमा बेपत्ता भएका पटेलको २१ दिनपछि कुशको शव बनाएर दाहसंस्कार


पटेलको कुशको शव बनाएर संस्कार गर्न लगिदै र पटेलको तस्वीर । फोटो: साझेदारी

*साझेदारी संवाददाता*
*कलैया, ३१ भदौ*

रसुवाको भोटेकोसी नदीमा आएको बाढीपछि २१ दिनदेखि सम्पर्कविहीन रहेका बाराका सुभाष पटेलको परिवारले बुधबार कुशको शव बनाएर दाहसंस्कार गरेको छ। कलैया उपमहानगरपालिका-२३ का पटेल बाढी आएको दिनदेखि सम्पर्कमा नआएपछि परिवारले हिन्दू धार्मिक परम्पराअनुसार अन्तिम संस्कार गरेको हो।

गाडी मर्मतको कामका लागि सीमा क्षेत्रतर्फ गएका पटेल भदौ १० गते बुधबार भोटेकोसी नदीमा आएको बाढीपछि बेपत्ता भएका थिए। बाढीपछि परिवार तथा आफन्तले विभिन्न माध्यमबाट उनको खोजी र सम्पर्कको प्रयास गरे पनि कुनै जानकारी प्राप्त हुन सकेन।

**बाँकी तेस्रो पृष्ठमा**

# पढाइसंगै आम्दानीको बाटो, २५ छात्रालाई हांसका चल्ला



विद्यार्थीहरुलाई वितरण गरिएका चल्ला र सामाग्रीहरु । फोटो: साझेदारी

*रञ्जन यादव*
*जीतपुर, ३१ भदौ*

बाराको विश्रामपुर गाउँपालिका-१ छतवा रामटोलका २५ छात्रालाई पढाइसँगै आयआर्जनतर्फ जोड्ने उद्देश्यले हाँसका चल्ला वितरण गरिएको छ। विद्यार्थीलाई विद्यालयको शिक्षासँगै व्यवहारिक सीप सिकाउने उद्देश्यले स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड, माईस्थान शाखाले कार्यक्रम सञ्चालन गरेको हो।

संस्थाको 'पढ्दै कमाउँदै' कार्यक्रमअन्तर्गत कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्रालाई बुधबार हाँसका चल्ला उपलब्ध गराइएको हो। कार्यक्रममा सहभागी प्रत्येक छात्रालाई १० वटाका दरले कुल २ सय ५० वटा चल्ला वितरण गरिएको संस्थाका

**बाँकी तेस्रो पृष्ठमा**

**कलैया उपमहानगरपालिका कार्यालय**
कलैया, बारा

**स्वच्छ, समृद्ध र सुशासनयुक्त कलैया हाम्रो अभियान**

- नगरलाई सफा राखौं, फोहोरलाई घरबाटै वर्गीकरण गरौं ।
- सडक, बाटो र सार्वजनिक सम्पत्तीको संरक्षण गरौं ।
- खानेपानीको सावधानीपूर्वक प्रयोग गरौं, पानीको स्रोत जोगाऔं ।
- वृक्षारोपण गरौं, वातावरण हराभरा बनाऔं ।
- समयमै कर तिरौं, नगरको विकासमा योगदान गरौं ।
- सामाजिक सदूभाव कायम राखौं, भेदभाव अन्त्य गरौं ।

हाम्रो कलैया, हाम्रो जिम्मेवारी
- फोहोर नगरौं, नगरलाई सफा राखौं ।
- पानी बचाऔं, भविष्य बचाऔं ।
- रुख रोपौं, हरियाली बढाऔं ।
- सहकार्य र सद्भावले समृद्ध कलैया बनाऔं ।

समृद्ध कलैया, सुखी कलैयावासी
‖ सूचना, सेवा र समृद्धिको बाटोमा कलैया ‖
कलैयाको विकास, हाम्रो प्रतिबद्धता

**विश्रामपुर गाउँपालिका कार्यालय**
विश्रामपुर, बारा

" स्वच्छ, सुशासनयुक्त, समृद्ध र हरियाली विश्रामपुर हाम्रो प्रतिबद्धता "

हाम्रो अभियान, हाम्रो पालिकाको पहिचान
- नगरलाई सफा राखौं, फोहरलाई घरबाटै वर्गीकरण गरौं ।
- पानीको स्रोत जोगाऔं, पानीको बचत गरौं, सुरक्षित खानेपानीको प्रयोग गरौं ।
- सडक, बाटो र सार्वजनिक सम्पतिको संरक्षण गरौं ।
- वृक्षारोपण गरौं, हरियाली बढाऔं, वातावरण संरक्षणमा योगदान गरौं ।
- सामाजिक सदभाव कायम राखौं, छुवाछूत र भेदभाव अन्त्य गरौं ।
- समयमै कर तिरौं, गाउँपालिकाको विकासमा हातेमालो गरौं ।

जनहितमा जारी सन्देश
- बालबालिकालाई विद्यालय पठाऔं, शिक्षित समाज बनाऔं ।
- बाल विवाह रोकौं, कानुनी उमेर पूरा भएपछि मात्र विवाह गरौं ।
- महिला हिंसा अन्त्य गरौं, महिला सम्मानको समाज बनाऔं ।
- स्वास्थ्य संस्थामा नियमित जाँच गराऔं, स्वस्थ जीवनशैली अपनाऔं ।
- स्थानीय उत्पादनको प्रयोग गरौं, स्थानीय अर्थतन्त्रलाई बलियो बनाऔं ।

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव
समाचार सम्पादक : सन्तोष पाण्डे
विशेष संवाददाता : संदिप प्रसाद यादव
लेआउट डिजाइनर : महम्मद जुनेद हवारी
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी र श्यामबिहारी कुशवाहा
मुद्रक : पौडेल अफसेट प्रेस, वीरगञ्ज
प्रधान कार्यालय : कलैया-४, चौधरीटोल (मालपोत कार्यालयको उत्तर तर्फ)
सम्पर्क फोन : ९८५५०४५०८०, ९८५५०४५९९०, ९८५५०३४०७८

Email : sajhedari.daily@gmail.com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com


## सम्पादकीय.....

# सीमामा प्रभावकारी निगरानी आवश्यक

नेपालको भारत तथा चीनविच सीमा जोडिएको छ। सीमा जोडिएकोले सीमा क्षेत्रमा विभिन्न किसिमको गतिविधिहरु हुने गर्छ। यस्ता गतिविधि संवेदनशिल रहेको छ। सीमा क्षेत्रमा तस्करी मात्र हुदैन। सीमा क्षेत्रका एक देशका अपराधि अर्को देशमा गएर वसिदिन्छन्। अर्को देशमा अपराध गरेर अर्को देशमा वस्ने चलन नयाँ होइन्। सीमा क्षेत्र संवेदनशिल रहेको हुन्छ। सीमा क्षेत्रका वासिन्दाको एक देशसंग अर्को देशमा रोटीबेटीको सम्बन्ध हुन्छ। सीमा क्षेत्रका वासिन्दा अर्कोदेशसंग अत्यन्त जोडिएका हुन्छन्। नाता रिश्ता जोडिएको हुन्छ। यतिमात्र होइन, शिक्षा समेत जोडिएको हुन्छ। सीमा वारीपारी भाषा समान हुन्छ। भषा, भेषभुषा, संस्कृति रहनसहन जोडिएको हुन्छ। जस्ले गर्दा सीमा क्षेत्रको सबै कुरा अत्यन्त संवेदनशिल रहेको हुन्छ। समग्रमा सीमा क्षेत्रका वासिन्दा सबैभन्दा बढी देशभक्त हुन्छन्। उनीहरुले नै सीमाको रक्षा गरिरहेका हुन्छन्। वास्तवमा सीमा क्षेत्रमा वसोवास गर्ने व्यक्ति नै वास्तविक सीमा रक्षा गर्ने व्यक्ति हुन्। उनीहरुले नै देशको सीमालाई अक्षु०य राख्नमा योगदान हुन्छ। सीमामा वैध गतिविधि मात्र हुदैन। अवैध गतिविधि समेत हुन्छ।

नेपाल(भारत सीमाबाट हुने अवैध गतिविधि नियन्त्रणका लागि सुरक्षा निगरानीलाई थप प्रभावकारी बनाउने तयारी गरिएको छ। सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनीका बाहिनीपति डीआईजी विष्णुप्रसाद भट्टले सीमा सुरक्षामा खटिएका जनशक्तिलाई परिचालन चुस्त बनाउन निर्देशन दिएकाहुन्। बारास्थित सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण हेडक्वार्टरको निरीक्षणका क्रममा डीआईजी भट्टले सीमा अपराध नियन्त्रणमा सक्रियता बढाउन मातहतका अधिकारीलाई निर्देशन दिएकाहुन्। तस्करी, चोरी(पैठारी तथा अवैध ओसारपसार नियन्त्रणलाई सुरक्षा निकायको प्राथमिकतामा रहन आवश्यक छ। सीमावर्ती क्षेत्रमा लागुऔषध, हातहतियार तथा प्रतिबन्धित सामग्रीको ओसारपसार हुन नदिन नियमित निगरानी र जाँचलाई प्रभावकारी बनाउन आवश्यक रहेको छ। संवेदनशील नाकाहरूमा आकस्मिक गस्ती बढाउनुका साथै शंकास्पद गतिविधिमाथि तत्काल निगरानी गर्न आवश्यक हुन्छ। सीमा अपराध नियन्त्रणका लागि सूचना संयन्त्रलाई समेत प्रभावकारी बनाउन आवश्यक छ।

सुरक्षाकर्मीले प्राप्त गर्ने सूचनाको सही ढंगले संकलन तथा विश्लेषण गर्न आवश्यक रहेको छ। आवश्यकता अनुसार सुरक्षाकर्मीलाई समयमै परिचालन गर्न आवश्यक रहेको छ।यस्ले अवैध गतिविधि नियन्त्रणमा सहयोग पुग्नेछ। सीमा सुरक्षालाई प्रभावकारी बनाउन विभिन्न निकाय बीचको समन्वय आवश्यक रहेको छ। नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, भन्सार कार्यालय, स्थानीय प्रशासन र भारतीय सीमा सुरक्षा बल (एसएसबी) बीच सूचना आदान(प्रदान तथा आवश्यक सहकार्य हुन समेत आवश्यक रहेको छ।कार्यक्षेत्रको सीमा सुरक्षा अवस्था, हाल भइरहेको प्रहरी परिचालन, सीमा अपराध नियन्त्रणका प्रयास तथा आगामी सुरक्षा योजना सुदृढ र प्रभावकारी हुन आवश्यक रहेको छ। सीमावर्ती क्षेत्रमा सुरक्षा जनशक्तिको परिचालन, गस्ती तथा निगरानी प्रणालीलाई थप व्यवस्थित बनाउन आवश्यक छ। सीमालाई व्यवस्थित गर्न सीमामा प्रभावकारी निगरानी प्रणाली स्थापित गर्न आवश्यक छ।

# लालबहादुरको सिको गर्दै गाउंभरि व्यावसायिक तरकारी खेती

*टेकबहादुर बुढा*

***बाजुरा, ३१ भदौ***

बाजुराको बडीमालिका नगरपालिका-८ गडखेतका लालबहादुर ऐडीले तरकारी खेती गर्न थालेको दशक पुग्न लाग्यो । सुरुमा सामान्य परम्परागत खेती गर्दै आउनुभएका ऐडीले व्यावसायिक रूपमा तरकारी खेती सुरु गरेपछि हाल उहाँको दैनिकी बारीको हेरचाह, उत्पादन र बिक्रीमा बित्ने गरेको छ ।

सदरमुकाम मार्तडी नजिकै गडखेतका लालबहादुर हरेक दिन बिहानदेखि साँझसम्म तरकारी बारीमै व्यस्त हुनुहुन्छ । उहाँले हाल करिब १२ रोपनी क्षेत्रफलमा विभिन्न प्रजातिका तरकारी उत्पादन गर्दै आउनुभएको छ ।

"सुरुमा तरकारी खेतीबाट राम्रो आम्दानी हुन्छ भन्ने विश्वास कम थियो । गाउँघरमा परम्परागत रूपमा अन्नबाली लगाउने चलन रहेकाले व्यावसायिक खेतीतर्फ किसानको खासै आकर्षण थिएन," उहाँले भन्नुभयो, "अहिले भने आफूले उत्पादन गरेको तरकारीबाट आम्दानी हुन थालेपछि अन्य किसान पनि यसतर्फ आकर्षित भएका छन् ।"

**सहरबाट फर्किएर गाउँमै उद्यम**

लालबहादुर विसं २०७५ मा बाजुराबाट सङ्घीय राजधानी काठमाडौँ जानुभयो । नेपाली सेनामा कार्यरत उहाँकी साली पुनम रावलले तरकारी खेती गर्न काठमाडौँ आउन आग्रह गरेपछि लालबहादुरले पाँच वर्ष त्यतै व्यावसायिक तरकारी खेती गर्नुभयो ।

"तीन रोपनी क्षेत्रफलमा १५ वटा टनेलमा तरकारी खेती गरिरहेको थिए । त्यहाँ बजारको कुनै समस्या थिएन, बारीमै बिक्री हुन्थ्यो । त्यो बेचेर वार्षिक सात लाखभन्दा बढी आम्दानी हुन्थ्यो । दुईवटा गाई थिए, दिनमा ३५ लिटर दूध बेच्थ्यौं, राम्रो थियो," ऐडीले भन्नुभयो ।

काठमाडौँमा सेवासुविधा र बजारको सहजता भए पनि आफ्नै गाउँमा केही गर्नुपर्छ भन्ने सोचले उहाँ पुनः गाउँ फर्किनुभयो । गाउँ फर्किएपछि व्यावसायिक खेती गर्ने सोचका साथ उहाँले हिमाल बहुउद्देश्यीय कृषि फार्म दर्ता गर्नुभयो । केही आफ्नै जग्गा र केही भाडामा लिएर उहाँले गोलभैँडा, लौका, काँक्रो, प्याज, काउली, बोडीलगायत विभिन्न किसिमका तरकारी लगाउनुभएको छ ।

**वार्षिक १५ लाखको तरकारी बिक्री**

व्यावसायिक खेतीमा जम्नुभएका लालबहादुरको बारीबाट वार्षिक रु १५ लाख बराबरको तरकारी बिक्री हुने गरेको छ । उत्पादित तरकारी सदरमुकाम मार्तडी, बाम्का लगायतका बजारमा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो । उत्पादन भएको तरकारी घरमै आएर खरिद गर्ने व्यापारीदेखि स्थानीय बजारसम्म पुग्ने गरेको उहाँको भनाइ छ ।

उहाँको बारीमा सबैभन्दा बढी गोलभैँडा छ । दैनिक ५०



किलोसम्म बिक्री हुने गरेको उहाँ बताउनुहुन्छ । सबै तरकारी बिक्रीबाट वार्षिक रूपमा रु आठ लाख बचत हुने गरेको उहाँले सुनाउनुभयो ।

परम्परागत रूपमा अन्नबाली उत्पादन गर्दै आउनुभएका ऐडीले त्यसबाट हुने आम्दानीको तुलनामा तरकारी खेतीबाट राम्रो आम्दानी भएको बताउनुभयो । थोरै क्षेत्रफलमा मेहनत र लगानी गर्न सके तरकारीबाट छोटो समयमै आम्दानी लिन सकिनेमा उहाँ ढुक्क देखिनुहुन्छ ।

मेहनतअनुसार आम्दानी हुने भएकाले आफूलाई यो काममा सन्तुष्टि मिलेको उहाँको भनाइ छ । "यसमा काम धेरै छ, तर मेहनत गरेअनुसार आम्दानी पनि हुन्छ," उहाँ भन्नुहुन्छ, "आफ्नै जमिनमा परिवारका सदस्य मिलेर काम गर्न सकिने भएकाले बाहिर गएर रोजगारी खोज्नुपर्ने वाध्यता हुँदैन।"

**गाउँभरि फैलियो तरकारी खेती**

गडखेतमा ३५ परिवार बसोबास गर्दै आएका छन् । तीमध्ये हाल २५ परिवार व्यावसायिक तरकारी खेतीमा लागेका छन् । उनीहरूको मुख्य आम्दानीको स्रोत नै तरकारी बन्न थालेको छ ।

ऐडीले सुरु गरेको व्यावसायिक खेती अहिले उहाँको व्यक्तिगत व्यवसायमा मात्रै सीमित छैन । उहाँको सफलताबाट प्रभावित भएर गाउँका अन्य किसानले पनि त्यसलाई अनुसरण गरेका छन् । यसले गाउँमा तरकारी उत्पादनको क्षेत्र विस्तार हुनाका साथै किसानको आयआर्जनको स्रोत बढाएको छ ।

लालबहादुर काठमाडौँबाट गाउँ फर्किएर व्यावसायिक तरकारी खेती गर्ने गाउँकै पहिलो व्यक्ति हुनुहुन्थ्यो । निर्वाहमुखी रूपमा सबैले उत्पादन गरे पनि व्यावसायिक रूपमा खेती गर्ने कोही थिएनन् । जब लालबहादुरले व्यावसायिक खेती गरेर राम्रो आम्दानी गर्न थाल्नुभयो, त्यसपछि गाउँका धेरैजसो बारीमा टनेल देखिन थालेका छन् । "सुरुमा मैले मात्रै तरकारी खेती गरेको थिएँ," ऐडीले भन्नुभयो, "तरकारी बिक्री गरेर राम्रो आम्दानी हुन थालेपछि गाउँका अरू किसानले पनि यसबाट राम्रो आम्दानी हुने रहेछ भन्ने ठानेर सुरु गर्नुभयो । यो मेरा लागि गौरवको विषय हो ।"

एक जनाबाट सुरु भएको व्यावसायिक खेती विस्तार हुँदै गएपछि अहिले गाउँको पहिचान नै बदलिएको छ । खेतबारीमा देखिने टनेल, दैनिक बजार जाने तरकारीका भारी र त्यसबाट भइरहेको आम्दानीले गडखेतलाई तरकारीको पकेट क्षेत्रका रूपमा चिनाउँदै लगेको छ ।

"मेरो दैनिक तीन भारीसम्म हुन्छ, अरूले एक-दुई भारी बजार पठाएकै हुन्छन्," लालबहादुरले भन्नुभयो, "गाउँका सबै खुसी छन् । सीप सिकेर खान पायौँ, बिक्री गर्न पायौँ भनेर धन्यवाद दिइरहेका छन् ।"

गाउँका किसानलाई तरकारी खेतीतर्फ आकर्षित गर्न ऐडीले आफ्नो अनुभव पनि बाँड्दै आउनुभएको छ । कुन समयमा कुन तरकारी लगाउने, कसरी खेत तयार गर्ने, उत्पादन बढाउन के कुरामा ध्यान दिने लगायतका विषयमा आफूले जानेका कुरा अरू किसानलाई बताउने गरेको उहाँ सुनाउनुहुन्छ ।

**रोजगारी र आम्दानीको आधार**

तरकारी खेती लालबहादुरका लागि केवल आम्दानीको माध्यम मात्रै बनेको छैन, परिवारको रोजगारीको आधार बनेको छ । वर्षभरि खेतबारीमा काम गर्नुपर्ने भएकाले परिवारका सदस्यलाई कामको अवसर मिलेको छ ।

विदेश वा सहरमा रोजगारी खोज्नुभन्दा आफ्नै गाउँमा व्यावसायिक कृषि गर्न सके आम्दानीको राम्रो स्रोत बनाउन सकिने उहाँको बुझाइ छ । तरकारी खेतीबाट नियमित आम्दानी हुन थालेपछि कृषि पेसाप्रति उहाँको विश्वास बढेको छ । "आफ्नै गाउँमा बसेर राम्रो आम्दानी गर्न सकिन्छ भन्ने मेरो अनुभव हो," उहाँले भन्नुभयो, "तरकारी खेतीलाई व्यावसायिक रूपमा गर्न सक्ने हो भने परिवार पाल्न र आम्दानी गर्न समस्या हुँदैन ।"

आगामी दिनमा उत्पादन अझै बढाउने योजना रहेको उहाँले सुनाउनुभयो । बजारको मागअनुसार उत्पादन विस्तार गर्ने र आधुनिक प्रविधिको प्रयोग गर्ने उहाँको सोच छ । उहाँलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको साथ मिलेको छ । कृषि ज्ञान केन्द्र, बडीमालिकाले अनुदानमा वार्षिक टनेल तथा बीउ उपलब्ध गराउँदै आएको छ ।

'तरकारीमा आत्मनिर्भर बन्ने बाटोमा छ बाजुरा'

कृषि ज्ञान केन्द्रका अनुसार बाजुरा अझै तरकारीमा आत्मनिर्भर हुन सकेको छैन । अन्य समयको तुलनामा बेमौसमी 'सिजन'मा बाहिरबाट जिल्लामा आयात हुने गरेको छ । मौसमी सिजनमा भने निर्यात हुने गरेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी प्रेमराज न्यौपानेले

बाँकी तेस्रो पृष्ठमा







साझेदारी राष्ट्रिय दैनिक SAJHEDARI NATIONAL DAILY



## शैक्षिक........

आवेदनका क्रममा नियमावलीमा तोकिएको ढाँचामा निवेदन तथा आवश्यक कागजात पेस गर्नुपर्नेछ । संस्थाले कम्पनी दर्ता प्रमाणपत्र, भ्याट वा प्यान प्रमाणपत्र, आर्थिक वर्ष २०८२-८३ सम्मको कम्पनी अद्यावधिक प्रमाण तथा करचुक्ता प्रमाणपत्रलगायत कागजात पेस गर्नुपर्नेछ । शैक्षिक परामर्श सेवा सञ्चालन गर्न चाहने संस्थाले स्नातक उत्तीर्ण गरी सम्बन्धित तालिमप्राप्त जनशक्ति नियुक्त गरेको प्रमाणसमेत पेस गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी भाषा परीक्षण सञ्चालनका लागि सम्बन्धित भाषा परीक्षणको अधिकारप्राप्त निकायको अनुमतिपत्र, सम्बन्धित देशको कूटनीतिक नियोगको सिफारिस तथा प्रशिक्षकको योग्यता र तालिमसम्बन्धी प्रमाणपत्र आवश्यक पर्ने मन्त्रालयका प्रवक्ता श्रीप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

मन्त्रालयमा यसअघि नै निवेदन दिई निर्णयको पर्खाइमा रहेका संस्थाका लागि पनि सूचनामा छुट्टै व्यवस्था गरिएको छ । रासस

## लालबहादुरको........

बताउनुभयो ।

"मुख्य गरी पुस-माघ चिसो महिनामा बाहिरबाट तरकारी भित्रिने गरेको छ," उहाँले भन्नुभयो, "अन्य समयमा भने निर्यात हुने गरेको छ । अब बिस्तारै बाजुरा तरकारीमा आत्मनिर्भर बन्दैछ ।" जिल्लाका नौवटै स्थानीय तहका विभिन्न स्थानमा व्यावसायिक खेती भएकाले विगतको तुलनामा आयात क्रमशः घट्दै गएको न्यौपानेले बताउनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ५० लाख ७२ हजार २६७ मेट्रिक टन तरकारी उत्पादन भएको थियो । गत आर्थिक वर्षको तथ्याङ्क सङ्कलन भइरहेको जानकारी दिँदै उहाँले उत्पादन बढ्ने अनुमान गरिएको बताउनुभयो । रासस

## पढाइसगै................

कर्मचारी कृष्णा यादवले जानकारी दिनुभयो।

कार्यक्रमले विद्यार्थीलाई प्रारम्भिक उमेरदेखि नै पशुपन्छी पालन तथा आयआर्जनसँग सम्बन्धित सीप सिकाउने लक्ष्य राखेको माईस्थान शाखा प्रमुख श्यामकुमार रमौलीले बताउनुभयो। उहाँका अनुसार हाँस पालनबाट विद्यार्थीले व्यावहारिक ज्ञान र व्यावसायिक सीप हासिल गर्नुका साथै उत्पादनबाट हुने आम्दानीलाई अध्ययन तथा दैनिक आवश्यकतामा उपयोग गर्न सक्नेछन्।

रमौलीले विद्यार्थीले अहिले सिकेको हाँस पालनसम्बन्धी सीपलाई भविष्यमा व्यावसायिक गतिविधिका रूपमा विस्तार गर्न सक्ने बताउनुभयो। स्थानीय आवश्यकता र सम्भावनालाई ध्यानमा राखेर आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने उहाँले जानकारी दिनुभयो।

हाँसका चल्ला पाएपछि छात्राहरू उत्साहित भएका छन्। पढाइसँगै केही आम्दानी गर्ने अवसर पाएकाले आफूहरूलाई नयाँ अनुभव हुने उनीहरूले बताएका छन्। चल्लाको उचित हेरचाह गरी हाँस पालनबाट प्राप्त आम्दानीलाई अध्ययन तथा आवश्यक खर्चमा प्रयोग गर्ने उनीहरूको भनाइ छ।

विद्यालय तथा स्थानीय प्रतिनिधिहरूले ग्रामीण क्षेत्रका विद्यार्थीलाई शिक्षा, सीप र आयआर्जनसँग जोड्ने यस्ता कार्यक्रमले उनीहरूमा आत्मनिर्भर बन्ने सोच विकास गर्न सहयोग पुग्ने बताएका छन्।

## जीतपुरसिमराका.....

जग्गाको कानुनी स्वामित्व नहुँदा सम्बन्धित परिवारले घरजग्गाको सुरक्षा तथा सरकारी र कानुनी प्रक्रियामा विभिन्न कठिनाइ झेल्दै आएका छन्। स्वामित्व कायम भएपछि उनीहरूको बसोबास सुरक्षित हुनुका साथै जग्गासम्बन्धी कानुनी अधिकार सुनिश्चित हुने अपेक्षा गरिएको छ।

नगर उपप्रमुख अधिकारीले वडा कार्यालयमार्फत संकलन भएको विवरणलाई आवश्यक प्रक्रिया पूरा गरी कार्यपालिकाबाट स्वीकृत गराएर सम्बन्धित कार्यालयमा पठाइएको बताउनुभयो। बाँकी प्रक्रिया पूरा गर्न सम्बन्धित कार्यालयसँग समन्वय गरेर कामलाई छिटो टुंग्याउने प्रयास भइरहेको उहाँको भनाइ छ।

वडा नम्बर २१ का वडाध्यक्ष सुबाश श्रेष्ठले वर्षौंदेखि लालपुर्जाको प्रतीक्षामा रहेका परिवारका लागि फाइल हस्तान्तरण महत्वपूर्ण चरण भएको बताउनुभयो। वडाबाट आवश्यक विवरण र कागजात संकलन भइसकेकाले अब सम्बन्धित निकायबाट हुने प्रक्रियालाई सहजीकरण गर्दै स्वामित्व कायम गराउनेतर्फ पहल गरिने उहाँले बताउनुभयो।

यसअघि जीतपुरसिमरा उपमहानगरपालिका-१८ का भूमिहीन तथा अव्यवस्थित बसोबासीको विवरण पनि संकलन गरी भूमि समस्या समाधान जिल्ला समिति, कलैयामा बुझाइएको थियो।

तीन वडाका १ हजार ६ सय ४९ परिवारको फाइल प्रक्रिया अघि बढेसँगै लामो समयदेखि लालपुर्जाको प्रतीक्षामा रहेका परिवारमा जग्गाको स्वामित्व प्राप्त हुने आशा बढेको छ। स्थानीयले भने बाँकी प्रक्रिया लामो समयसम्म अल्झिन नदिन सम्बन्धित कार्यालयबीच प्रभावकारी समन्वय गरी कामलाई तीव्रता दिन माग गरेका छन्।

## झलुहीमा........

मोटरसाइकललाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। प्रहरीका अनुसार पूर्वतर्फको सर्भिस लेनबाट मुख्य सडकमा प्रवेश गर्दै गरेको ट्रक र वीरगन्जतर्फ जाँदै गरेको मोटरसाइकल आपसमा ठोक्किएका थिए। ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुवै जना गम्भीर घाइते भएका थिए। दुर्घटनालगत्तै उद्धार गरी उपचारका लागि वीरगन्जस्थित नारायणी अस्पताल लगिए पनि चिकित्सकले अस्पताल पुर्‍याएलगत्तै दुवैलाई मृत घोषणा गरेका थिए।

मोटरसाइकल कसले चलाएका थिए भन्ने विषय भने अझै खुलेको छैन। मृतक चौधरी र उपाध्यायमध्ये चालक को थिए भन्ने यकिन हुन नसकेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिनुभयो। दुवै जनाको शव नारायणी अस्पतालमा राखिएको प्रहरीले जनाएको छ।

दुर्घटनापछि प्रहरीले ट्रक र चालकलाई नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेमा चितवनको भरतपुर महानगरपालिका निवासी ५८ वर्षीय सुनिलराज पाठक छन्। दुर्घटनाको कारण तथा अन्य विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

## भोटेकोसी........

लामो समयसम्म खोजी गर्दा समेत पटेलको अवस्था पत्ता नलागेपछि परिवारले धार्मिक विधिअनुसार कुशलाई शवको प्रतीक बनाएर अन्तिम संस्कार गर्ने निर्णय गरेको जनाएको छ।

२१ दिनसम्म अवस्था अज्ञात रहँदा पनि जीवित वा मृत भएको पुष्टि हुन नसकेपछि धार्मिक परम्पराअनुसार दाहसंस्कार गरिएको हो।

पटेल सम्पर्कविहीन भएपछि परिवारले उनको तस्बिर सार्वजनिक गर्दै भेट्ने वा उनको अवस्थाबारे जानकारी पाउने व्यक्तिलाई परिवारसँग सम्पर्क गरिदिन आग्रह गरेको थियो। आफन्त र परिवारजनले सम्भावित स्थानमा खोजी तथा सम्पर्कको प्रयास जारी राखे पनि उनको अवस्थाबारे कुनै यकिन जानकारी प्राप्त हुन सकेन।

बाढीपछि बेपत्ता भएका पटेलको वास्तविक अवस्था अझै पुष्टि हुन नसकेको परिवारले जनाएको छ। शव फेला नपरे पनि लामो समयसम्म कुनै जानकारी नआएपछि परिवारले धार्मिक संस्कार पूरा गरेको हो।

# अन्तर्राष्ट्रिय समाचार

## मक्कालाई लक्षित गरेको आरोपपछि साउदीको चेतावनी

*रियाद, ३१ भदौ*

यमनका हुथी विद्रोहीले इस्लामको पवित्र सहर मक्कालाई लक्षित गरेको आरोप लगाउँदै साउदी नेतृत्वको गठबन्धनले पवित्रस्थलको सुरक्षालाई 'रेड लाइन' भन्दै कडा प्रतिकार गर्ने चेतावनी दिएको छ । हुथीहरूले भने मक्कातर्फ ड्रोन पठाएको साउदी दाबीलाई 'झूट' भन्दै अस्वीकार गरेका छन् ।

गठबन्धनका प्रवक्ता तुर्की अल(मलिकीले एक्समार्फत सार्वजनिक गर्नुभएको विज्ञप्तिमा दुई पवित्र मस्जिद र तीर्थयात्रीको सुरक्षा 'रेड लाइन' भएको उल्लेख गर्दै हुथीविरुद्ध आवश्यक तथा निवारक कदम चाल्न नहिचकिचाउने बताउनुभएको छ । इस्लामिक सहयोग सङ्गठनले पनि घटनाको निन्दा गरेको छ ।

इरान समर्थित हुथी र साउदी समर्थित यमनी सरकारबीच जुलाईदेखि पुनः चर्किएको द्वन्द्वले क्षेत्रीय तनाव बढाएको छ। हुथीहरूले साउदी अरेबियाविरुद्ध समुद्री नाकाबन्दी घोषणा गर्नुका साथै लाल सागरमा साउदी जहाजलाई लक्षित गर्ने बताएका छन् । गत साता उनीहरूले यमनको लाल सागर तट र बाब अल(मन्डब जलघाँटीमा आफ्नो नियन्त्रण विस्तार गरेको बताइएको छ ।

हुथी पोलिटब्युरोका हाजेम अल(असदले मक्कालाई लक्षित गरेको साउदी दाबी अस्वीकार गर्दै यस्तो आरोप पहिले पनि लगाइएको र अहिले पनि त्यो 'झूट' भएको बताउनुभयो । साउदी अरेबियाले भने मङ्गलबार मक्का र यमनसँग सीमा जोडिएको दक्षिणी क्षेत्रमा सम्भावित आक्रमणबारे चेतावनी जारी गरेको थियो । यमनबाट भएका क्षेप्यास्त्र र ड्रोन आक्रमणमा साउदीको दक्षिणी क्षेत्रमा १३ जना घाइते भएका थिए ।

संयुक्त राष्ट्रसङ्घका अनुसार सेप्टेम्बरयता यमनको द्वन्द्वका कारण करिब ८२ हजार मानिस विस्थापित भएका छन् । यमनका स्थायी प्रतिनिधि अब्दुल्लाह अल(सादीले हुथीविरुद्ध अन्तर्राष्ट्रिय कारबाहीको आग्रह गर्नुभयो।

यसैबीच, लाल सागरमा हुथी आक्रमण बढेपछि साउदी युवराज मोहम्मद बिन सलमान र इजिप्टका राष्ट्रपति अब्देल फताह अल(सिसीले बाब अल(मन्डब र हर्मुज हुँदै समुद्री आवागमनको स्वतन्त्रता तथा सुरक्षा सुनिश्चित गर्न आह्वान गर्नुभएको छ । कतारले बाब अल(मन्डब बन्द भए त्यसको परिणाम विश्वका लागि गम्भीर हुने चेतावनी दिएको छ ।

हुथीहरूले साउदी तेल पूर्वाधारलाई समेत लक्षित गर्दै आएका छन् । साउदी गठबन्धनले राज्यको सार्वभौमिकताको रक्षा गर्न आवश्यक सबै कदम चाल्ने जनाएको छ । हुथी सेनाका प्रवक्ता याह्या सारीले पछिल्लो २४ घण्टामा साउदीले यमनमा ५२ हवाई आक्रमण गरेको र विद्यालय तथा पुललगायत नागरिक संरचना लक्षित गरेको आरोप लगाउनुभयो । यसैबीच, अमेरिकी सैन्य कार्यदलले साउदी सेनालाई गुप्तचर सूचना र सैन्य योजना निर्माणमा सहयोग बढाइरहेको एक अमेरिकी अधिकारीले एएफपीलाई बताएका छन् । रासस

## समुद्रबाट चीनको "ग्राभिटी-१" रकेट प्रक्षेपण, नौ उपग्रह अन्तरिक्षमा

*साङ्घाई, ३१ भदौ*

चीनले बुधबार समुद्रबाट आफ्नो 'ग्राभिटी-१' वाई३ वाहक रकेट सफलतापूर्वक प्रक्षेपण गर्दै नौवटा उपग्रहलाई निर्धारित अन्तरिक्ष कक्षमा पठाएको छ ।

चीनको पूर्वी तटीय सहर साङ्घाईनजिकैको समुद्री क्षेत्रबाट गरिएको यो प्रक्षेपण व्यावसायिक अन्तरिक्ष अभियानका दृष्टिले महत्वपूर्ण मानिएको छ ।

चीनको ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रले सञ्चालन गरेको उक्त अभियान स्थानीय समयअनुसार बिहान ६ बजे भएको थियो । ग्राभिटी-१ वाई३ रकेटमा छ्यानफान उपग्रह तारामण्डलका नयाँ उपग्रहहरू तथा एउटा ईयूएचटी प्रविधि परीक्षण उपग्रह राखिएको थियो ।

प्रक्षेपणपछि सबै नौवटा उपग्रहलाई निर्धारित कक्षमा सफलतापूर्वक पुर्‍याइएको र अभियान पूर्ण रूपमा सफल भएको घोषणा गरिएको छ ।

**समुद्री प्रक्षेपणमा नयाँ कीर्तिमान**

रकेट निर्माण तथा विकास गर्ने चिनियाँ व्यावसायिक अन्तरिक्ष कम्पनी ओरियनस्पेसका अनुसार, यस अभियानले चीनको एकल समुद्री प्रक्षेपणसम्बन्धी दुईवटा नयाँ कीर्तिमान कायम गरेको छ ।

पहिलो, यसपटक रकेटले तीन टनभन्दा बढी शुद्ध पेलोड बोकेको थियो । दोस्रो, उपग्रहहरूलाई करिब ८०० किलोमिटर उचाइको कक्षमा प्रवेश गराइएको थियो ।

यसअघि भएका समुद्री प्रक्षेपणको तुलनामा बढी तौलका उपग्रह र बढी उचाइको कक्षमा पेलोड पुर्‍याउन सक्नुले चीनको समुद्री प्रक्षेपण प्रणालीले मध्यम तथा ठूलो आकारका उपग्रह बोकेर अन्तरिक्षमा पठाउन सक्ने क्षमता थप बलियो भएको देखाएको कम्पनीको भनाइ छ ।

**ग्राभिटी-१ को चौथो सफल समुद्री प्रक्षेपण**

ग्राभिटी-१ रकेटले हालसम्म चारवटा समुद्री प्रक्षेपण पूरा गरिसकेको छ। कम्पनीका अनुसार यी सबै प्रक्षेपण सफल भएका छन् ।

बुधबारको अभियान भने विशेष रूपमा महत्वपूर्ण रहेको छ, किनभने यो ठूलो निम्न पृथ्वी कक्षीय उपग्रह इन्टरनेट तारामण्डलको सञ्जाल विस्तारका लागि ग्राभिटी-१ प्रयोग गरिएको पहिलो अभियान हो ।

निम्न पृथ्वी कक्षा भन्नाले पृथ्वीको सतहबाट तुलनात्मक रूपमा कम उचाइमा रहेको अन्तरिक्ष क्षेत्रलाई जनाउँछ । यस्तो कक्षमा रहेका धेरै उपग्रहलाई एउटै सञ्जालमा जोडेर तीव्र सञ्चार तथा इन्टरनेट सेवा उपलब्ध गराउने उद्देश्यले विभिन्न देश र कम्पनीहरूले ठूला उपग्रह तारामण्डल निर्माण गरिरहेका छन् ।

**'छ्यानफान' उपग्रह तारामण्डलको विस्तार**

यस अभियानमा पठाइएका अधिकांश उपग्रह 'छ्यानफान' उपग्रह तारामण्डलसँग सम्बन्धित छन् । यस्तो तारामण्डलमा ठूलो संख्यामा उपग्रहहरूलाई पृथ्वीको निम्न कक्षमा राखेर एकअर्कासँग समन्वय गराइन्छ ।

उपग्रहहरूको संख्या क्रमशः बढाउँदै लैजाँदा पृथ्वीका विभिन्न क्षेत्रमा सञ्चार तथा इन्टरनेट सेवा उपलब्ध गराउने क्षमता विस्तार गर्न सकिन्छ ।

बुधबारको प्रक्षेपणलाई यही उद्देश्यअन्तर्गतको अर्को चरणका रूपमा हेरिएको छ । रासस







# अदालतबाट सफाई पाएपछि तीन महिनापछि कार्यालय फर्किए वीरगञ्जका महानगरपालिकाका मेयर सिंह

*साझेदारी संवाददाता*
*वीरगञ्ज, ३१ भदौ*

विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा सफाइ पाएपछि पुनर्बहाली भएका वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह तीन महिनापछि बुधबार महानगरपालिकाको कार्यालय फर्किएका छन्। कार्यालय पुगेका सिंहले पुनः पदभार ग्रहण गर्दै रोकिएका विकास निर्माण तथा महानगरको सेवा प्रवाहलाई गति दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

पदभार ग्रहणपछि आयोजित कार्यक्रममा सिंहले महानगरपालिकाका कर्मचारीको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै सेवाग्राहीलाई अनावश्यक रूपमा झुलाउने प्रवृत्ति अन्त्य गर्न निर्देशन दिएका छन्। राजस्व तिर्नसमेत सेवाग्राहीलाई एक सातासम्म अल्झाएर राख्ने गरेको गुनासो आएको उल्लेख गर्दै उनले कर्मचारीलाई आफ्नो जिम्मेवारीप्रति गम्भीर हुन आग्रह गरे।

कर्मचारीलाई सम्बोधन गर्दै सिंहले गलत कार्य गर्नेहरूलाई अब छुट नदिने चेतावनीसमेत दिए। उनले महानगरपालिकाको प्रशासनिक कामलाई चुस्त बनाउँदै नागरिकले सहज रूपमा सेवा पाउने वातावरण निर्माण गर्नुपर्ने बताए।

तीन महिनासम्म आफू पदमा नरहेका कारण रोकिएका विकास निर्माणका कामलाई प्राथमिकताका साथ अघि बढाउने सिंहले बताएका छन्। शहरको सरसफाइ, सौन्दर्यकरण, बजार व्यवस्थापन तथा अन्य रोकिएका योजनालाई पुनः गति दिँदै महानगरको सेवा प्रवाह प्रभावकारी बनाउने उनको भनाइ छ।

पदभार ग्रहण कार्यक्रममा पूर्वमन्त्री प्रदीप यादव पनि सहभागी थिए। उनले विशेष अदालतको फैसलापछि सिंह पुनः महानगरको नेतृत्वमा फर्किएको उल्लेख गर्दै वीरगञ्जवासीका लागि समेत यो महत्वपूर्ण भएको बताए।



मेयर सिंह । फाईल तस्वीर

विशेष अदालतले भदौ २९ गते सिंहसहित सात जनालाई भ्रष्टाचारसम्बन्धी मुद्दामा सफाइ दिएको थियो। अदालतले आरोपपत्रमा दाबी गरिएअनुसारको कसुर पुष्टि हुने पर्याप्त र विश्वसनीय प्रमाण नदेखिएको आधारमा उनीहरूलाई सफाइ दिएको जनाइएको छ। फैसलापछि निलम्बन फुकुवा भएसँगै सिंहको पुनर्बहाली भएको हो। कार्यालय फर्किएसँगै महानगरपालिकामा रोकिएका प्रशासनिक तथा विकाससम्बन्धी कामलाई अगाडि बढाउने विषय अब उनको प्राथमिकतामा परेको छ।

# शैक्षिक परामर्श तथा भाषा परीक्षणका लागि नयां नियमावली बमोजिम दर्तामा आउन मन्त्रालयको सूचना

*काठमाडौँ, ३१ भदौ*

शिक्षा तथा खेलकुद मन्त्रालयले नयाँ नियमावलीबमोजिम शैक्षिक परामर्श सेवा तथा भाषा परीक्षण सञ्चालनका लागि संस्था दर्ता तथा अनुमति लिन इच्छुक संस्थालाई अनलाइन आवेदन पेस गर्न सूचना जारी गरेको छ ।


मन्त्रालयको शैक्षिक परामर्श, प्रमाणीकरण तथा छात्रवृत्ति शाखाले 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३' बमोजिम सूचना जारी गर्दै आवेदन माग गरेको हो ।

मन्त्रालयका अनुसार प्रदेश सरकार वा स्थानीय तहबाट शैक्षिक परामर्श सेवाको अनुमति प्राप्त संस्थाले २०८३ असोज २५ गतेभित्र आवेदन पेस गर्नुपर्नेछ भने अन्य संस्थाले सूचना पहिलोपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र अनलाइन आवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । शैक्षिक परामर्श र भाषा परीक्षाका क्षेत्रमा हुँदै आएको विकृति र विसङ्गति रोक्न नियमावली ल्याइएको र सोको कार्यान्वयनका लागि सूचना यही भदौ ३० गते प्रकाशित भएको मन्त्रालयले जनाएको छ ।

बाँकी तेस्रो पृष्ठमा

# डा. नवराज रिजालद्वारा लिखित गीतसंग्रह "देखेकोछु तिमिलाई" सार्वजनिक

डा.नवराज रिजालद्वारा लिखित गीतिसंग्रह देखेको छु तिमीलाई आज एक समारोहका विच लोकार्पण गरियो। प्रमुख अतिथिअग्रज साहित्यकार दुर्गाप्रसाद श्रेष्ठ रहेको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा गीतकार डा.नवराजका गीतमा राष्ट्रिय भाव समेटिएको कुरा व्यक्त गर्दै सडक विमोचन अभियानका कोषाध्यक्ष तथा साहित्यकार राजाराम बर्तौलाले गीतले भूगोल र राष्ट्रिय भाव समेटिएको बताउनु भयो।रु साहित्यकार प्रमोद प्रधान, डा.शैलेन्दुप्रकाश नेपाल' डा.छायादत्त न्यौपानेले गीतकार रिजालको कृतिमा प्रकृति संरक्षण र जीवन जगत्का विभिन्न पछ्य समेटिएको कुरा व्यक्त गर्दै उहाँले आफ्नो वैचारिकता प्रस्तुत गरेका भन्नुभयो।





डा. नवराज रिजाल

गीतकार रिजालको कृति र जीवन वृतलाई प्रस्तुत गर्दै कवि तथा समालोचक तेजविलास अधिकारीले रिजालका गीतमा राष्ट्रिय भाव समेटिएका कुरा बताउनु भयो। कृतिकार र कृतिकारका बारेमा बोल्दै अभियानका संयोजक बद्रीप्रसाद ढकालले सडक विमोचन को १७ औं. शृङ्खलामा आज विमोचित कृतिहले देश बोलेको छ भन्नु भयो। कार्यक्रममा भाषा आयोगका सदस्य मातृका पोखरेल, डा पुष्करराज भट्ट, गीतकार वसन्तराज अग्यात लगायत दुई दर्जन जति साहित्यकार पत्रकारको उपस्थित रहेको थियो ।

# जलवायु कूटनीतिमा दीर्घकालीन संस्थागत संरचना निर्माण गर्नुपर्छः परराष्ट्रमन्त्री खनाल

*काठमाडौँ, ३१ भदौ*

परराष्ट्रमन्त्री शिशिर खनालले जलवायु परिवर्तन बहुपक्षीय विषय भएकाले यसको प्रभावकारी सम्बोधनका लागि दीर्घकालीन संस्थागत संरचना निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ ।

परराष्ट्र मन्त्रालयद्वारा आज यहाँ आयोजित दोस्रो संस्करणको 'मोफा नलेज फोरम' मा 'जलवायु कूटनीति' विषयमा सम्बोधन गर्दै उहाँले जलवायु परिवर्तनको विषय बहुपक्षीय भए पनि त्यसका लागि दीर्घकालीन संस्थागत संरचना आवश्यक रहेको बताउनुभयो।

"जलवायु परिवर्तनको विषय बहुपक्षीय विषय हो। तर त्यसको लागि हामीले दीर्घकालीन संस्थाको निर्माण गर्नुपर्छ," उहाँले भन्नुभयो । मन्त्री खनालले सही संस्थाहरूको निर्माण गरी बहुपक्षीय संस्थाहरूसँग समन्वय गर्न सकेमा मात्रै जलवायु परिवर्तनका विषयमा प्रभावकारी उपलब्धि हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

उहाँले जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन (कोप) मा विषयहरू आउने-जाने भए पनि नेपाललाई कस्तो संस्थागत संरचना आवश्यक छ र त्यसलाई अन्तरराष्ट्रिय मञ्चमा कसरी बलियो रूपमा प्रस्तुत गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिनुपर्ने बताउनुभयो ।

"नेपाललाई कस्तो संस्था चाहिन्छ र हामीले कुन अन्तरराष्ट्रिय फोरममा बलियो रूपमा प्रस्तुत गर्न सक्छौँ भन्ने कुरा महत्वपूर्ण विषय हो," मन्त्री खनालले भन्नुभयो । छलफलमा जलवायु परिवर्तनका विभिन्न क्षेत्रमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा काम गरिसकेका तथा गरिरहेका विज्ञहरूसँग सुझाव तथा परामर्श लिइएको थियो ।

कार्यक्रममा सहभागीहरूलाई आफ्ना सल्लाह तथा सुझाव दिन आग्रह गरिएको थियो । कार्यक्रममा संयुक्त राष्ट्रसङ्घमा नेपालको सहभागिता तथा त्यहाँ नेपालले जलवायु परिवर्तनका विषयमा गर्नुपर्ने प्रस्तुतीकरणबारे पनि छलफल भएको थियो । रासस

